दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३८ | अंक २६० | बुटवल | २०८३ असोज २० गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday October 06, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini


### कांग्रेस महाधिवेशन :

# गगनले पेश गरे पार्टी र देश सुधारका २९ बुँदे प्रस्ताव

प्रतिवेदनमा प्रधानमन्त्रीको कार्यकाल दुईपटक मात्र हुने, भ्रष्टाचारविरुद्ध निर्मम बन्ने र कांग्रेसको पुनर्जागरणलाई नेतृत्व परिवर्तन वा संगठनात्मक हेरफेरमा सीमित नगरी राजनीतिक संस्कार, आर्थिक नीति, निजी क्षेत्र, रोजगारी, सामाजिक सुरक्षा, संघीयता, सुशासन, युवा सहभागिता, प्रविधि, जलवायु र राष्ट्रिय स्वाधीनतासम्म जोडेको छ।

**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले १५औं महाधिवेशनमा पेस गर्ने राजनीतिक प्रतिवेदन केन्द्रीय कार्यसमिति बैठकमा पेस गरेका छन् । आगामी चार वर्षका लागि कांग्रेसको राजनीतिक, वैचारिक, संगठनात्मक तथा आर्थिक कार्यदिशा प्रस्तुत गरिएको प्रतिवेदनमा विगतको आत्मसमीक्षादेखि सरकारलाई खबरदारी, निर्वाचनपूर्व गठबन्धन नगर्ने नीति, पार्टीको पुनर्संरचना, निजी क्षेत्रसँग सहकार्य, युवा सहभागिता र 'समुन्नत नेपाल, सम्मानित नेपाली'को अवधारणासम्म समेटिएको छ।

थापाले तयार पारेको प्रतिवेदनमा कांग्रेसले पछिल्ला दुई दशकमा आफ्नो मूल उद्देश्यभन्दा पद र सत्तालाई प्राथमिकता दिएको स्वीकार गरिएको छ । गठबन्धन व्यवस्थापन, भागबन्डा, गुटबन्दी र लेनदेनको राजनीतिले पार्टीको नैतिक धरातल कमजोर बनाएको तथा भ्रष्टाचार र अनियमिततामा आफ्नै पक्षका व्यक्तिलाई संरक्षण गर्ने प्रवृत्तिले सार्वजनिक संस्थाको स्वायत्तता कमजोर बनाएको उल्लेख छ। युवापुस्तासँग पार्टीको दूरी बढेको र नागरिकका बदलिँदा अपेक्षा बुझ्न नसकेको आत्मसमीक्षा गर्दै दोस्रो विशेष महाधिवेशनमार्फत जनतासँग क्षमायाचना गरी पार्टी सुधारको संकल्प गरिएको प्रतिवेदनमा उल्लेख छ।

थापाको प्रतिवेदनमा मुख्य रूपमा निम्न २९ विषय समेटिएका छन्। प्रतिवेदनमा २००७, २०४६ र २०६२/६३ का राजनीतिक आन्दोलन तथा संविधान निर्माणका उपलब्धिलाई कांग्रेसको ऐतिहासिक योगदानका रूपमा स्वीकार गरिएको छ। तर पछिल्ला दुई दशकमा पार्टी उद्देश्यभन्दा पद र सत्तामा केन्द्रित भएको उल्लेख गर्दै गठबन्धन, भागबन्डा, गुटबन्दी र लेनदेनको राजनीतिले कांग्रेसको नैतिक धरातल कमजोर बनाएको निष्कर्ष निकालिएको छ।

भ्रष्टाचार तथा अनियमिततामा आफ्नै पक्षका व्यक्तिलाई संरक्षण गर्ने प्रवृत्तिले सार्वजनिक संस्थाको स्वायत्तता कमजोर बनाएको तथा युवापुस्तासँग पार्टीको दूरी बढेको प्रतिवेदनमा आत्मसमीक्षा गरिएको छ। भदौ २३ र २४ को जनउभारलाई षड्यन्त्र भनेर मात्र पन्छाउन नहुने प्रतिवेदनमा उल्लेख छ। सुशासन, अवसर र निष्पक्षताको माग नागरिकको जायज असन्तोष भएको स्वीकार गरिएको छ । आन्दोलनको सम्पूर्ण स्वामित्व नयाँ राजनीतिक शक्तिले मात्र लिन खोज्नु पनि गलत भएको उल्लेख गर्दै राज्यको बल प्रयोग, हिंसा, जनधनको क्षति र दमनबारे निष्पक्ष छानबिन गर्नुपर्ने प्रस्ताव गरिएको छ।

दोषीलाई कानुनी कारबाही र पीडितलाई सत्य, न्याय तथा परिपूरण सुनिश्चित गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । फागुन २१ को निर्वाचनमा कांग्रेसको पराजयलाई पछिल्ला दुई दशकदेखि बढ्दै गएको नागरिक दूरी र राजनीतिक कमजोरीको परिणामका रूपमा समीक्षा गरिएको छ। जनादेश स्वीकार गर्दै कांग्रेसले मुख्य प्रतिपक्षको जिम्मेवार भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ।

प्रतिवेदनमा ३८ सिटसहित कांग्रेसले संसद्मा सरकारको प्रभावकारी निगरानी गर्नुपर्ने प्रस्ताव गरिएको छ। सरकारका कामकारबाहीलाई प्रमाण र तथ्यका आधारमा प्रश्न गर्ने, भ्रष्टाचार, अधिकार हनन र कुशासनविरुद्ध आवाज उठाउने तथा आलोचना मात्र नगरी वैकल्पिक नीति र राष्ट्रिय दिशा प्रस्तुत गर्ने भनिएको छ। दैनिक राजनीतिक विवादभन्दा दीर्घकालीन राष्ट्रिय मुद्दालाई प्राथमिकता दिँदै संघ र प्रदेश तहमा सरकारका मन्त्रालयको अनुगमन गर्न 'छायाँ सरकार'को अभ्यास गर्ने प्रस्ताव पनि छ। आगामी निर्वाचनमा निर्वाचनपूर्व कुनै पनि दलसँग गठबन्धन नगर्ने प्रस्ताव थापाले गरेका छन्। आफ्नै रुख चिह्न, आफ्नै उम्मेदवार र आफ्नै एजेन्डासहित जनतामाझ जाने तथा उम्मेदवार छनोटमा गुट, पहुँच र संरक्षणभन्दा योग्यता, योगदान र कार्यसम्पादनलाई प्राथमिकता दिने प्रस्ताव गरिएको छ। उम्मेदवार छनोटमा प्राइमरी निर्वाचन, सार्वजनिक मतसर्वेक्षण र सदस्यको प्रत्यक्ष मतलाई महत्व दिने तथा अधिवेशन वा उम्मेदवारी प्रभावित पार्ने अन्तिम समयमा सदस्यताका नियम परिवर्तन नगर्ने प्रतिबद्धता गरिएको छ। राष्ट्रियता, लोकतन्त्र र लोकतान्त्रिक समाजवादलाई पार्टीको मूल वैचारिक आधारका रूपमा निरन्तरता दिँदै २१औँ शताब्दीको आवश्यकता र बदलिँदो सामाजिक-आर्थिक परिस्थितिअनुसार विचारको नवीकरण गर्नुपर्ने प्रस्ताव गरिएको छ। राष्ट्रियतालाई भूगोल र नारामा मात्र सीमित नगरी ऊर्जा, खाद्य, प्रविधि र वित्तमा राष्ट्रिय क्षमतासँग जोड्ने तथा लोकतन्त्रलाई निर्वाचनमा मात्र सीमित नगरी नागरिकको निर्णय प्रक्रिया र सार्वजनिक शक्तिमा वास्तविक सहभागितासँग जोड्ने प्रस्ताव छ। बीपी कोइरालाको समाजवादी दृष्टिकोणलाई आधुनिक सामाजिक बजार अर्थतन्त्रसँग जोड्ने तथा प्रदीप गिरिको अध्ययन, बहस, आत्मालोचना र बहिष्कृत समुदायका मुद्दालाई पार्टीको वैचारिक परम्परासँग जोड्ने प्रस्ताव गरिएको छ। आर्थिक वृद्धिदरलाई मात्र समुन्नतिको मापदण्ड नमान्ने प्रतिवेदनमा उल्लेख छ।

शिक्षा, स्वास्थ्य, पोषण, सीप, क्षमता र नागरिकको वास्तविक स्वतन्त्रतालाई विकासको आधार बनाउँदै नागरिकको सामर्थ्य निर्माण, अवसरमा पहुँच र सहनिर्माणलाई समुन्नतिको मुख्य कार्यप्रणाली बनाउने प्रस्ताव छ।

» बाँकी ३ पेजमा



## नौ लाख ७० हजार पुगे क्रियाशील सदस्य

बुटवल। नेपाली कांग्रेसमा क्रियाशिल सदस्यको संख्या नौ लाख ६९ हजार ८४२ पुगेको जनाएको छ। कांग्रेस महाधिवेशनको दोस्रो दिन सोमबार साँझ पत्रकार सम्मेलन गरेर प्रवक्ता देवराज चालिसेले जानकारी दिएका हुन्। कांग्रेसको १४औं महाधिवेशनमा आठ लाख ७० हजार क्रियाशिल सदस्य रहेका थिए।

अहिले १५औं महाधिवेशनमा क्रियाशिल सदस्य एक लाखको हाराहारीमा बढेको चालिसेले जानकारी दिए। जेनजीलाई सदस्य बनाउने र केन्द्रीय समितिमा ल्याउने योजनाले गर्दा क्रियाशिल सदस्य बढेको उनको भनाइ छ। सोमबारदेखि नयाँ नेतृत्व चयनको प्रक्रिया सुरु हुनेछ। सोमबार बिहान १० बजेदेखि उम्मेदवारी दर्ता सुरु गर्ने कार्यतालिका रहेको छ।

## पदाधिकारीको संख्या बढाइयो

नेपाली कांग्रेसले केन्द्रीय समितिको आकार बढाएको छ। १५औं महाधिवेशनको बन्दसत्रले केन्द्रीय समितिको आकार बढाउने महामन्त्री प्रदीप पौडेलको प्रस्ताव पारित गरेको हो ।

महाधिवेशन प्रतिनिधि नै ७७ सय पुगेकाले समितिको आकार बढेको बताए । यसअघि कांग्रेसको केन्द्रीय समिति १६७ सदस्यीय थियो। अहिले बढाएर २९७ जना रहने बनाइएको महामन्त्री पौडेलले बताए । विधान संशोधन गर्दै १ सभापति, १ वरिष्ठ उपसभापति, चार उपसभापति, एक महिला सहित तीन महामन्त्री र ११ निर्वाचित सहमहामन्त्री हुने चालिसेले बताए। उनका अनुसार ४ सहमहामन्त्री सभापतिले मनोनीत गर्नेछन् । २९७ जना केन्द्रीय सदस्यमध्ये ६६ जना सभापतिले मनोनीत गर्ने उनले बताए। उनका अनुसार प्रतिनिधि संसदीय दलका नेता र प्रदेश सभापति केन्द्रीय कार्यसमितिको पदेन सदस्य हुनेछन्।

केन्द्रीय कार्यसम्पादन समिति पनि ३१ बाट बढाएर ४१ पुऱ्याइएको बताए । यस्तै, कोषाध्यक्ष र प्रवक्ता सभापतिले पदाधिकारीको हैसियतमा मनोनीत गर्ने व्यवस्था गरेको प्रवक्ता देवराज चालिसेले बताए। उनका अनुसार आवश्यकता अनुसार सहप्रवक्ता पनि सभापतिले मनोनीत गर्नसक्नेछन्।

## 'भित्रभित्रै आक्रोश चुलिँदै छ, विष्फोट हुनसक्छ'

बुटवल । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले मुलुक बाहिरबाट हेरेजस्तो शान्त नभएको भन्दै जुनसुकै बेला ठूलो जनउभार सडकमा आउनसक्ने चेतावनीसहितको विश्लेषण गरेका छन् ।

सोमबार काठमाडौंमा जारी पार्टीको १५औं महाधिवेशनको बन्दसत्रमा बोल्दै सभापति थापाले मुलुकमा दुई तिहाईको सरकार चलिरहेको कारण सबै ठिकठाक देखिएपनि जनतामा भित्रभित्रै असन्तुष्टि र आक्रोश चुलिँदै गएको विश्लेषण पार्टीको रहेको बताए।

'अहिले मुलुक बाहिरबाट हेर्दैगर्दा शान्त छ। चुनाव भएको छ। सरकार छ, दुई तिहाइको बहुमत छ। प्रतिपक्षी दलहरू पनि छन्। सबै ठिक्क देखिन्छ। तर यस्तो होइन। अस्ति भर्खरै सुनसरीको घटनाले के देखायो ? सानो एउटा घटनाले पनि एकाएक आगो बल्न सक्ने अवस्था छ। किनकी नेपाल समाज यति बेचैन छ अहिले, यति ठूलो फ्रस्टेसन छ, यति ठूलो असन्तुष्टि छ।'- सभापति थापाले भने ।

भर्खरै सुनसरी र सिराहालगायत पूर्वी तराईमा देखिएको सम्प्रदायिक तनावको घटनाको उदाहरण दिँदै जनुसुकै बेला आगो दन्किन सक्ने चेतावनी पनि उनले दिए । 'चुनाव भयो नयाँ पार्टी आएको छ, सबै ठिकठाक पनि देखिएको छ । तर यो असन्तुष्टिहरूको कारणहरू सम्बोधन नभएको हुनाले कुनै पनि बेला जनउभार आउनसक्छ। यो नेपाली कांग्रेसको विश्लेषण हो। र यो बेलामा रेस्पोन्स कसरी गरिएको छ कि समस्या एकातिर छ, सरकार अर्कै बाटोमा छ।'- उनले भने। उनले नेपाली समाजमा विद्यमान असन्तोष सम्बोधनतर्फ सरकारको ध्यान केन्द्रित हुनुपर्ने समेत बताए। उनले अहिले पनि रोजगारीको अवसरका लागि मुलुकबाट बाहिरिने नागरिक घट्न नसकेकोप्रति चिन्ता समेत व्यक्त गरे । 'अहिले पनि प्रत्येक दिन २ हजार, २५ सय मानिस रोजगारीका लागि देश छोडेर बाहिर जान्छन् । यो अहिलेको सरकारले गरेको होइन है। हाम्रो पाला विगत दश वर्षदेखि यही नै भइरेहेको थियो,' उनले भने, 'ती मान्छेहरू बाहिर गएर पैसा कमाएर नेपाल पठाउँछन्। पैसा बैंकमा यति धेरै थुप्रिएको छ कि नेपालको जीवनमा आजसम्म यति पैसा कहिले पनि थिएन। हामीसँग त्यतिधेरै पैसा छ अहिले।'

# बैंकले लिलाम गरेको घरमा टोलवासीले भित्राए पूर्व घरधनीलाई



बुटवल । लुम्बिनी विकास बैंकले लिलाम गरेको बुटवल मिलनचोकको एक घरमा टोलवासीलगायत अन्य समूह मिलेर पुर्व घरधनीलाई घरमा भित्राएका छन् ।

व्यवसायी दुर्गाबहादुर पौडेल र लक्ष्मी बस्नेत पौडेलले छापाखाना सञ्चालनका लागि लिएको ४८ लाख रुपैया कर्जाको ब्याज समेत गरी ५८ लाख रुपैयाँ तिर्न नसकेको भन्दै बैंकले मिलनचोकको तीनतले घर ५३ लाख रुपैयाँमा लिलाम गरेको थियो। उक्त घर सुर्खेत ठेगाना भएका गोविन्द लामिछानेले खरिद गरेका थिए।

पूर्व घरधनी लक्ष्मी विष्ट र स्थानीय टोलवासीले समेत हालको चलनचल्तीको दरअनुसार पनि उक्त घरको मूल्य कम्तीमा डेढ करोड पर्ने दाबी गर्छन्। तर बैंकले अति न्यून मूल्यमा लिलाम गरेर पौडेल दम्पत्तिलाई घरवारविहीन बनाई अन्याय गरेको भन्दै टोलवासी, नागरिक समाज र दुर्गाप्रसाईं नेतृत्वको अभियानका स्थानीय व्यक्ति समेतले पूर्व घरधनी पौडेललाई सोमबार घर भित्राएका छन्।

त्यसअघि उनीहरुले बैंकको देवीनगरस्थित शाखा कार्यालयमा केहीबेर ब्यानरसहित धर्ना दिएका थिए। पूर्व घरधनी लक्ष्मी विष्टले कोरोना महामारीको असरलगायतले व्यवसायमा मन्दी आएपछि बैंकको सावा ब्याज तिर्न समस्या भएको, तर घर विक्रि गरेर ऋण चुक्ता गर्ने आपसी समझदारी हुँदाहुँदै बैंकको बुटवल शाखा प्रमुख कर्मचारी र लामिछानेबिच मिलेमतोमा निकै सस्तो मूल्यमा लिलाम गरिएको दाबी गरिन् । बैंकका बुटवल शाखा प्रमुख चन्द्रबहादुर सारुसँगको समन्वयमा घरजग्गा बिक्री गरेर ऋण चुक्ता गर्ने समझदारीसमेत भएको र सोहीअनुसार घरजग्गा बिक्रीका लागि बैना गरिसकेको अवस्थामा बैंकले आफूलाई जानकारी नदिई गोप्य रूपमा लिलामी गरेको पौडेलको आरोप छ।

घर लिलाम भएपछि पौडेल दम्पत्ति दुबैजना डिप्रेसनको शिकार बनेको र अरुको घरमा शरण लिएर बस्न बाध्य भएको थाहा पाएपछि घर खरिद गर्ने व्यक्तिलाई पैसा फिर्ता गर्ने गरी पूर्व घरधनीलाई घर भित्राइएको टोलवासी गौरा केसीले बताइन् ।

घर लिलाम गर्दा घरमा सूचना टाँस नगरिएको र टोलवासीलाई समेत जानकारी नभएको केसीले बताइन् । 'बुटवलको मिलनचोकमा ५३ लाख मूल्यमा तीन धुर जग्गा पनि पाइदैन, अहिलेको बजार मूल्य अनुसार लिलाम भएको घरको मूल्य कम्तीमा डेढ करोड पर्छ,' टोलवासी गौराले भनिन्-'उनीहरु अन्यायमा परेको महसुस भएपछि लिलाम सकार्ने व्यक्तिलाई लगानी फिर्ता दिने गरी पौडेल दम्पत्तिलाई घर भित्राएका हौं।'

टोल विकास संस्थाका अध्यक्ष अशोक ढेंगा मगरले टोलवासीलाई जानकारी नदिई कौडीको मूल्यमा घर लिलाम गरी कसैलाई घरवारविहीन बनाउन नहुने बताए।

» बाँकी ३ पेजमा


गाउँवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराई,विवाह दर्ता,सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- गाउँपालिकामा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं ।

विवेक खनाल
प्रमुख प्रशासकीय अधिकृत

देविराम अर्याल
अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,अर्खवाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## प्रहरीको सफल अप्रेशन

रूपन्देहीको तिलोत्तमामा सुतिरहेको बेला राति ओछ्यानबाटै अपहरित बालिकालाई सकुशल उद्धार र संलग्न व्यक्तिलाई पक्राउ गर्न प्रहरी सफल भएको छ। प्रहरीको यो सफल अप्रेशन प्रशंसनीय छ।

तिलोत्तमा कान्छीबजारबाट अपहरणमा परेको ३८ घण्टापछि बालिकाको सकुशल उद्धार भएको हो। ती बालिकाका अभिभावक सामान्य मजदुरी गर्दै आएका छन्। फिरौती वा अन्य कुन प्रयोजनका लागि बालिकाको अपहरण भएको थियो भन्ने बारेमा प्रहरीले अनुसन्धान गरिरहेको छ। तिलोत्तमा नगरपालिका–१७, दरखसवाका विशाल थारूलाई गोली प्रहार गरी प्रहरीले नियन्त्रणमा लिएको छ। अपहरण गर्ने व्यक्ति स्थानीय भएका र पक्राउ परिसकेकाले घटनाको अनुसन्धानमा प्रहरीलाई बल पुगेको छ। पछिल्ला दिनमा अपराधिक प्रवृत्तिका व्यक्तिको मनोबल बढिरहेको बेला प्रहरीको यो कारबाहीले उनीहरुको मनोबल अवश्य कमजोर बनाउनेछ। अपराधका घटना कमजोर प्रहरी अनुसन्धान र कारबाहीबाट बढ्छन्। अपराधका घटना न्युन गर्नका लागि प्रहरी कारबाही प्रभावकारी हुनुपर्छ। रूपन्देही प्रहरीले बालिकाको अपहरण गर्ने व्यक्तिलाई पक्राउ मात्रै गरेन्, बालिकाको सकुशल उद्धार गरेको छ।

समाजमा अहिले निराशा, आक्रोश र असन्तुष्टि धेरै छ। यो बेला राज्यसंयन्त्रले थोरै कमजोरी गर्दा समाजमा धेरै क्षति हुनसक्छ। अराजक र अपराधीको मनोबल बढ्न सक्छ। समाजको निराशा, आक्रोश र असन्तुष्टि न्युन गर्न विभिन्न खालका योजना र कार्यक्रम लागु गर्न आवश्यक छ। सरकारी सेवा प्रवाहमा सुधारदेखि रोजगारीका कार्यक्रमलाई विस्तार गर्न सकिन्छ। सकारात्मक सोंचको विकास गर्ने तालिमहरु सञ्चालन गर्ने, आशा जगाउने कार्यक्रम अघि बढाउन सकिन्छ। तहगत सरकारको समन्वयमा समाजमा हुने यस्ता क्रियाकलापले व्यक्तिलाई आशा जगाउन सक्छ। समाज लयमा हिँडेपछि अपराधिक प्रवृत्ति भएका व्यक्तिको मनोबल कमजोर बन्छ।

अपराधमुक्त समाजका लागि प्रहरीको व्यवसायिक विकासमा राज्यको लगानी बढाउनुपर्छ। प्रहरीलाई अहिलेको साधनस्रोतमा भएको न्युन अवस्थाबाट माथि उकास्नुपर्छ। प्रविधिको प्रयोग गरी भइरहेका अपराधको अनुसन्धान गर्न र दोषीलाई कानुनी दायरामा ल्याउन भइरहेका अप्ठ्यारा हटाउन ढिलाइ गर्न हुन्न।

रूपन्देहीको यो अपहरणको घटनामा संगठित समूह नभएको र गाउँके युवाले गरेकाले अनुसन्धानमा धेरै समय र अरु लगानी गर्न नपर्न सक्छ, तर संगठित अपराधको जालो धेरै विस्तार भइसकेकाले प्रहरीलाई प्रविधि प्रयोगमा निरन्तर प्राथमिकता दिँदै सघाउनुपर्छ।

## सेयर बजार २०.४८ अङ्कले घट्यो



काठमाडौं। सोमबार सेयर बजार परिसूचक नेप्सेमा दोहोरो अङ्कको गिरावट आएको छ।

बजार बन्द हुँदा नेप्से परिसूचक २०.४८ अङ्कले घटेर २५६६.७६ विन्दुमा सीमित भएको छ।

समग्र कारोबार करिब साढे ३ अर्ब पुगेको छ। कुल ३५९ वटा कम्पनीका ९० लाख ३ हजार कित्ता सेयरहरू किनबेच हुँदा कुल ३ अर्ब २७ करोड रुपैयाँ बराबरको कारोबार भएको हो। दिनभरमा कुल ४४ हजार ७७७ वटा कारोबार सम्पन्न भएका छन्।

३२ कम्पनीको मूल्य उकालो लागेको छ। २४२ कम्पनीको मूल्य घट्दा चार कम्पनी स्थिर छन्। सबै कम्पनीमा पाँच प्रतिशत भन्दा कमको उतारचढाव देखिएको छ।

सर्वाधिक कारोबार घलेम्दी हाइड्रोको २२ करोड हुनु बाहेक अरूको कारोबार १० करोडभन्दा तल नै रहेको छ।

फाइनान्स, होटल, हाइड्रो र इन्भेस्टमेन्ट क्षेत्र १ प्रतिशतभन्दा धेरैले घट्दा ट्रेडिङ बाहेक अन्य सबै सूचक एक प्रतिशतभन्दा कमले घटेका छन्। ट्रेडिङ भने सामान्य बढेको छ।

# नेपालको राजनीतिक रंग मञ्चमा

# भाँडभैलो



झपेन्द्र जिसी

यो विद्रोहपछि निर्वाचन प्रक्रियाबाट गठित यो सरकारले जेनजी विद्रोहको मूल्यांकन गरी यथार्थ प्रतिवेदन सार्वजनिक गर्नुपर्ने हो। त्यो पनि गरेको छैन। ७५/७६ जना स्कूले विद्यार्थीहरु मारिए भन्ने सुनियो। मार्ने को हो ? कसले आदेश गरेको हो ? के तत्कालीन सरकारको हात थियो त ?

**परिचय**

पार्टीगत रुपमा यो पंक्तिकार बासी मान्छे हो। यसो भए पनि अहिलेको राजनीतिक गतिविधिलाई हेर्दा सन्तोष गर्ने ठाउँ कसैलाई पनि छैन। सत्ताधारी रास्वपा पार्टीको झण्डै दुई तिहाइको सरकार पनि सन्तोष छैन भन्ने अनुभूत हुन्छ। साँचो हो के ? अवस्था छ ! सरोकारवालाले जान्ने बुझ्ने कुरा हो। यता प्रतिपक्ष नेकपा सबै घटक पार्टी पनि सन्तुष्ट छैनन् भन्ने प्रष्टै देखिन्छ। आफूलाई सबैभन्दा जेठो पार्टी र जेठो प्रजातान्त्रिक पार्टी भनी दाबी गर्ने नेपाली कांग्रेसमा झन् भाँडभैलो छ। जेनजी विद्रोहपछि युवाको नामबाट गठित गगन थापा एण्ड विश्व प्रकाश समूहले विशेष महाधिवेशन गरी नयाँ नेतृत्व गठन गर्‍यो र घोषणा गर्‍यो। कांग्रेस बदलियो। बदल्यौं अब देश बदल्छौं भन्ने उद्घोष त गर्‍यो, तर चौधौं महाधिवेशनका सभापति शेरबहादुर देउवाले पन्ध्रौं महाधिवेशन वडादेखि अधिवेशन गर्दैछन् र मंसिरमा केन्द्रीय महाधिवेशन गर्ने तयारी सार्वजनिक गरेका छन्। त्यसो त गगन थापा नेतृत्व कांग्रेसले पनि पन्ध्रौं महाधिवेशन असोजको तेस्रो हप्ताभित्रै केन्द्रीय महाधिवेशन गर्ने तयारी भएको सार्वजनिक गरिसकेको छ।

यसैबिचमा पूर्व प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणालाई रात विखयमा प्रहरीले गिरफ्तार गरेको र भोलिपल्ट दिउँसो रिहा गरी परिवारको जिम्मा लगाएको छ। स्मरणीय छ यो सरकार बनेकै राति पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई गिरफ्तार गरी झण्डै एक महिना पछि विनाशर्त रिहा गर्‍यो। यो पनि स्मरणीय छ। सुर्खेततिर नेकपा एमालेको संगठन निर्माण गर्न गएका पूर्व अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई उतै गिरफ्तार गरी रातारात काठमाडु लगी थुनामा राखियो र विनाशर्त रिहा गरियो। किन गिरफ्तार भए उपर्युक्त नेताहरु र किन रिहा गरिए ? सरकारले पूर्वाग्रह सोध वा आफ्नो झण्डै दुई तिहाइको दम्भ प्रदर्शन गर्‍यो भन्न यो कलमकारलाई डर लाग्छ एकातिर भने अर्कोतर्फ भन्न खाँचो पनि छैन।

मूल पाठ- सरकार भनेको राज्य हो। राज्य भनेको सबैको साझा हो र हुनु पर्छ। सरकारले पुराना पार्टीहरु विपक्षीहरुलाई पनि साथमा लिएर अघि बढ्न सक्नुपर्छ, किनकि यो उसको कर्तव्य र सरकार सञ्चालन गर्ने कलाशैलीभित्र पर्दछ। त्यो कलाशैली कहिले प्रस्तुत हुने हो यो भने भविष्यले बताउँला।

अर्कोतर्फ जेनजी विद्रोह किन भयो ? यो विद्रोह पछि निर्वाचन प्रक्रियाबाट गठित यो सरकारले जेनजी विद्रोहको मूल्यांकन गरी यथार्थ प्रतिवेदन सार्वजनिक गर्नुपर्ने हो। त्यो पनि गरेको छैन। ७५/७६ जना स्कूले विद्यार्थीहरु मारिए भन्ने सुनियो। मार्ने को हो ? कसले आदेश गरेको हो ? के तत्कालीन सरकारको हात थियो त ? थियो भनेर तत्कालीन प्रधानमन्त्री ओली र गृहमन्त्री लेखकलाई त यो सरकारले सिंहदरबारमा प्रवेश नगर्दै गिरफ्तार गरी अनुसन्धान छानविन गरेकै हो। खोइ त सरकारले के कुरा तथ्य सत्य कुरा पत्ता लगाएर सार्वजनिक गरेको ? त्यो गरेको पाइएन। जेनजी विद्रोहको नेतृत्व गर्ने ? स्वदेशी कोको हुन् र विदेशी को को हुन् ?

जेनजी विद्रोहमा टीओबी बन्दीधारी भुसतिघ्रे को-को हुन् ? सुधन गुरुङ भन्ने मान्छेले विद्रोहमा संलग्न मानिसलाई मिनरल वाटर हातहातमै दिएर सघायो भन्ने मिडियाले लेखे ? टेलिभिजनमा पनि देखियो। को थियो त्यो सुधन गुरुङ ? उसलाई यो सरकारले किन छानविनको कानूनी दायरामा ल्याउन चाहने वा सकेन, जनता जान्न चाहान्छन्। चाहेर कहाँ पाउने कहिले पाउने ? चोलेन्द्र शमशेर राणाले केपी शर्मा ओलीलाई भेटेकै कारण गिरफ्तार गरिएको भन्ने मिडिया सार्वजनिक छ। भेटघाट गर्नै नहुने हो र ? त्यस्तो त नहुनु पर्ने हो ? ओली र चोलेन्द्र सम्मानित नेपाली नागरिक हुन्। मन नपर्न सक्छ कसैलाई। ओली र चोलेन्द्र अपराधी त होइनन्। हुन भने त ठिंगुरीमा जाक्नुपर्छ।

अन्त्यमा सारतः अहिले जोगीदेखि भैंसी डराउने र भैंसीदेखि जोगी डराउने भए जस्तो छ। अहिले सत्ता पक्ष र विपक्षका बीचमा सुमधुर सम्बन्ध छैन। भोटेकोशीमा बाढी आई रसुवा, नुवाकोट, धादिङ, गोरखा आदिमा जनधनको अपूरणीय खति भयो। त्यो बेला उदार राहतका लागि विपक्षीहरुले आफूलाई विपक्ष नठानी आफू केवल नागरिक मात्र भएको सम्झेर प्रधानमन्त्री राहत कोषमा पार्टीहरुकै तर्फबाट समेत आर्थिक संकलन गरी डिपोजिट गरे। सहयोग गरे। यो उनीहरुको मानवी कर्तव्य थियो। कर्तव्य पूरा गरे, धन्यवाद दिनुपर्छ।

तर सरकारले अझै पनि समन्वय, सहकार्य र सद्भावको व्यवहार प्रकट गर्न तयार छैन भन्ने गुनासो सुनिन्छ। यस्तो गुनासाहरु सुन्न नपरे हुन्थ्यो भन्ने लागेको छ।

एक पटक निर्वाचनमा दिग्विजय गरी सत्तासीन हुनु अद्यावधिक निर्वाचनको कुरा हो, दीर्घ अवधिका लागि होइन। किनकि ५/५ वर्षे अद्यावधिक निर्वाचन त हुन्छ नै। हाम्रो संविधानमा यही प्रवाधान छ।

अर्को स्मरण गरौं, कहिल्यै सूर्यास्त नहुने देश ग्रेट व्रिटेन हो भनी दाबी गर्ने दम्भ त थियो नै, तर त्यही देश अहिले चाउरी परेको छ। अझ थप सुनिँदैछ ग्रेटब्रिटेन चार टुक्रा हुँदैछ र यस्तो नहोस ग्रेट व्रिटेन र अरु कसैलाई पनि शुभकामना।

# नेपालमा आधुनिक कृषि प्रविधिको प्रयोग र रूपान्तरणको मार्ग !



बोनोट गौतम

नेपालमा कृषिको प्राविधिक पक्षलाई हेर्ने हो भने यसमा खासै विकास भएको देखिँदैन। विश्वमा विज्ञान र प्रविधि जुन अनुपातमा द्रुत गतिले अगाडि बढिरहेको छ, त्यसको तुलनामा नेपालको कृषि क्षेत्रमा भने कुनै तात्त्विक परिवर्तन हुन सकेको छैन।

सन् १९८० को दशक र अहिलेको अवस्थालाई तुलना गर्दा नेपालको कृषिमा एउटा ठुलो विरोधाभास देखिन्छ। हिजो खाद्यान्न निर्यात गर्ने नेपाल आज पूर्णतः आयातमा निर्भर बन्न पुगेको छ। सन् १९८० को दशकमा करिब ९० देखि ९२ प्रतिशत जनसंख्या प्रत्यक्ष रूपमा कृषिमा निर्भर थियो भने अहिले यो घटेर करिब ६० देखि ६१ प्रतिशतमा झरेको छ।

भौगोलिक रूपमा तराई क्षेत्रले नेपालको कुल भू-भागको करिब १७ प्रतिशत क्षेत्रफल मात्र ओगटेको भए तापनि देशको कुल खेतीयोग्य जमिनको ५३ देखि ५४ प्रतिशत भाग तराईमै पर्दछ, जहाँ देशको मुख्य खाद्यान्न उत्पादन हुने गर्छ।

पृथ्वीमा जमिनको मात्रा निश्चित छ, तर अन्य सूचकहरू बढ्दो क्रममा छन्। जनसंख्या दिनानुदिन बढिरहेको छ, तर जमिन भने उही र त्यति नै छ। जनसंख्या बढेसँगै खानपान र वासस्थानको आवश्यकता पनि बढ्दै जान्छ। विडम्बना, हामीले बस्नका लागि घरहरू पनि तिनै खेतीयोग्य जमिन प्लटिङ गरेर बनाइरहेका छौं।

यसका साथै बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपले पनि खेतीयोग्य जमिन विनाश गरिरहेका छन्। जनसंख्या बढेर जमिन अभाव भइरहेका बेला बचेकुचेको जमिन पनि प्रकृतिले खोसेर लैजाँदा हामी झन् ठुलो संकटमा पर्दै गएका छौं।

यस संकटलाई थप जटिल बनाउने अर्को मुख्य कारण रासायनिक मलको चरम अभाव हो। नेपालमा रासायनिक मल उत्पादन हुँदैन र ती प्रायः भारतबाट वा भारत हुँदै आयात गरिन्छन्। खेती गर्ने मुख्य सिजनमा किसानले कहिल्यै समयमा मल पाउँदैनन्, जसका कारण चाहे जति उत्पादन हुन सक्दैन।

यस्तो परिस्थितिमा विज्ञान र प्रविधिलाई सही तरिकाले प्रयोग गरेर कम जमिन र उपलब्ध स्रोतबाट बढी उत्पादन लिनु नै हाम्रो प्रमुख आवश्यकता हो। परम्परागत खेती प्रणालीलाई आधुनिक प्रविधिले विस्थापित नगरेसम्म हामीले न त उत्पादन बढाउन सक्छौं, न त युवा पुस्तालाई नै माटोमा आकर्षित गर्न सक्छौं।

विश्वका विकसित देशहरू–जापान, अमेरिका र इजरायलमा खेती गर्दा माटोमा कति अम्लीयपन छ, कुन-कुन पोषक तत्वको कमी छ र कति चिस्यान छ भन्ने कुरा माटोमा गाडिएका अत्याधुनिक सेन्सरबाट सेकेन्डमै थाहा पाइन्छ। त्यहाँ माटोको वास्तविक आवश्यकता अनुसार मात्र वैज्ञानिक तरिकाले मल र पानी दिइन्छ, जसको नतिजा स्वरूप थोरै लागतमा प्रचुर उत्पादन हुन्छ।

यसको विपरीत, हाम्रा अधिकांश किसानहरू माटोको गुणस्तर परीक्षण नै नगरी परम्परागत अन्दाजका भरमा खेती गर्न बाध्य छन्। माटोको स्वास्थ्य थाहा नपाई असन्तुलित रूपमा मल र रसायन प्रयोग गर्दा माटोको उर्वरा शक्ति नष्ट भइरहेको छ।



अर्कोतर्फ, इजरायल जस्तो पानीको चरम अभाव भएको देशले थोपा सिँचाइ (ड्रिप इरिगेसन) प्रविधिको प्रयोग गरेर कृषिमा विश्वलाई नै चकित पारेको छ। थोपा सिँचाइमा पाइपमार्फत पानीका थोपाहरू सिधै बिरुवाको जरामा पुर्‍याइन्छ, जसले गर्दा थोरै पानीमा पनि धेरै क्षेत्रफलमा प्रभावकारी सिँचाइ हुन्छ।

नेपाल जस्तो देश, जहाँ अधिकांश किसान सिँचाइका लागि आकाशे पानीको भर पर्नुपर्ने विवशता छ, त्यहाँ थोपा सिँचाइ प्रविधि वरदान साबित हुन सक्छ। इजरायलको करिब १ करोड जनसंख्या भए पनि कृषिमा सानो जनशक्ति मात्र संलग्न छ। आधुनिक सिँचाइ, सेन्सर, अनुसन्धान र प्रविधिको प्रयोगबाट उसले उच्च कृषि उत्पादन गर्दै आएको छ।

सन् २०२५ मा इजरायलको कृषि उत्पादनको मूल्य करिब ३७.९ अर्ब शेकेल र कृषि निर्यात करिब ४.८ अर्ब शेकेल पुगेको थियो। इजरायल सरकारले अनुसन्धान, प्रविधि, अनुदान, लगानी तथा निर्यात प्रवर्द्धनमार्फत किसानलाई निरन्तर सहयोग गर्दै आएको छ, जुन नेपालका लागि पनि अनुकरणीय छ।

हाम्रा धेरैजसो किसानले आफू बसेको ठाउँभन्दा अलि टाढा वा ठुलो क्षेत्रफलमा खेती गर्छन्, जहाँ १-२ जना मानिसले एकै दिनमा पूरै खेतको अवलोकन वा निरीक्षण गर्न सम्भव हुँदैन। विकसित देशहरूमा अहिले ड्रोन प्रविधिबाट खेतको निगरानी गर्ने गरिन्छ। ड्रोनबाट खिचिएका 'लाइभ भिडियो' र तस्बिरमार्फत खेतको अवस्था, बालीको वृद्धि, र कीरा वा रोग लागेको ठाउँ सहजै पहिचान गर्न सकिन्छ।

कृषिमा कृत्रिम बौद्धिकता (एआई) को प्रयोगले बालीमा कुन रोग लागेको हो भन्ने जानकारी तत्कालै किसानको हातमा पुर्‍याउँछ, जसले गर्दा किसानहरू सधैँ प्राविधिक वा विज्ञको मुख ताकिरहनुपर्ने बाध्यताबाट मुक्त हुन्छन्। प्रविधिको प्रयोगले समयमै रोगको समाधान गरी उत्पादनमा उल्लेख्य वृद्धि ल्याउन सकिन्छ।

प्रविधिसँगै नेपाल सरकारले कृषि बजार र नीतिगत क्षेत्रमा पनि सुधार ल्याउनु अनिवार्य छ। नेपाल सरकारले हरेक कृषि उपजको बजार भाउ निर्धारण गरी त्यसको सूचना मोबाइल एप वा एसएमएसमार्फत् सोझै किसानसम्म पुर्‍याउन सकेमा बिचौलियाहरूले अनुचित नाफा कमाउने क्रम रोकिनेछ र किसानले आफ्नो मिहिनेतको उचित मूल्य पाउनेछन्। त्यसैगरी, मौसम र मनसुनसम्बन्धी सटीक पूर्वसूचना समयमै किसानलाई दिन सकिए सम्भावित बाढी वा खडेरीबाट बाली विनाश हुनबाट जोगाउन सकिन्छ।

अन्ततः, नेपालको कृषिलाई आधुनिक र आत्मनिर्भर बनाउन सरकारले कृषि अनुसन्धान (आर एन्ड डी) मा युवाहरूलाई आकर्षित गर्नुपर्छ। उच्च शिक्षा र अनुसन्धानका लागि युवाहरूलाई विशेष छात्रवृत्ति र प्रोत्साहन दिइनुपर्छ। जब हाम्रा युवाहरूले आफ्नै माटोमा प्रविधि र अनुसन्धानको प्रयोग गर्न पाउँछन्, तब मात्र नेपालको कृषि क्षेत्रले नयाँ दिशा पाउनेछ र देश खाद्यान्नमा आत्मनिर्भर बन्न सक्नेछ।

सेतोपाटीबाट

**कांग्रेस...**

सरकार एक्लैले नभई नागरिक, समुदाय, निजी क्षेत्र, सहकारी विश्वविद्यालय र विज्ञको सहकार्यमा विकास अघि बढाउने र राज्यका महत्वपूर्ण निर्णयमा परिणाम तथा जिम्मेवारी स्पष्ट गर्ने प्रस्ताव गरिएको छ । हरेक महत्वपूर्ण सरकारी तथा सार्वजनिक निर्णयमा पाँच प्रश्नको जवाफ खोज्ने प्रणाली प्रस्ताव गरिएको छ ।

के निर्णय भयो ? किन भयो ? जिम्मेवारी कसको हो ? के परिणाम आयो ? अपेक्षित परिणाम नआए के सुधार गरियो ?

यी पाँच प्रश्नलाई सार्वजनिक जवाफदेहिताको आधार बनाउने प्रस्ताव छ । विकास आयोजना, बजेट खर्च र जिम्मेवार पदाधिकारीको विवरण नागरिकले प्रत्यक्ष हेर्न सक्ने डिजिटल प्रणाली विकास गर्ने प्रस्ताव गरिएको छ । कुन आयोजना कहाँ पुगेको छ, कति खर्च भयो र त्यसको जिम्मेवार को हो भन्ने विवरण सार्वजनिक गर्दै सरकारी कामको वास्तविक समयको अनुगमन र नागरिक निगरानीलाई संस्थागत गर्ने प्रस्ताव छ ।

निजी क्षेत्रलाई केवल कर असुलीको स्रोत नभई सम्पत्ति निर्माण, उत्पादन, नवप्रवर्तन र रोजगारीको मुख्य इन्जिनका रूपमा स्वीकार गर्ने प्रस्ताव गरिएको छ । निजी लगानीको सुरक्षा र नीतिगत स्थिरता सुनिश्चित गर्दै व्यापार गर्न सहज वातावरण बनाउने तथा सरकार र निजी क्षेत्रको सम्बन्धलाई नियमन र कर असुलीबाट सहकार्य र साझेदारीतर्फ लैजाने प्रस्ताव छ । उत्पादन, उद्यम र रोजगारी विस्तारलाई आर्थिक नीतिको केन्द्रमा राख्दै विप्रेषणलाई कृषि, उद्योग, पर्यटन र प्रविधिमा उत्पादनशील लगानीमा रूपान्तरण गर्ने र जलस्रोत तथा स्वच्छ ऊर्जालाई औद्योगीकरण र हरित ऊर्जा निर्यातको आधार बनाउने प्रस्ताव गरिएको छ ।

असमानता बढिसकेपछि मात्र कर र अनुदानमार्फत् समाधान खोज्नेभन्दा सुरुदेखि नै अवसर समान बनाउने 'पूर्ववितरणात्मक न्याय'को अवधारणा अघि सारिएको छ । शिक्षा, स्वास्थ्य, सीप, वित्त र रोजगारीमा समान पहुँच सुनिश्चित गर्दै नागरिकको प्रारम्भिक अवस्था नै न्यायपूर्ण बनाउने आर्थिक नीति प्रस्ताव गरिएको छ ।

देशभित्र उत्पादन र सम्मानजनक रोजगारी विस्तारलाई राष्ट्रिय प्राथमिकता बनाउने तथा वैदेशिक रोजगारीलाई बाध्यता मात्र नभई सुरक्षित, व्यवस्थित र अधिकारमुखी बनाउने प्रस्ताव छ । प्रवासी नेपालीका अधिकार र सामाजिक सुरक्षालाई नीतिमा समेट्दै विदेशबाट आएको विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण बनाउने र युवालाई देशभित्रै भविष्य निर्माण गर्न सक्ने आर्थिक अवसर सिर्जना गर्ने प्रस्ताव गरिएको छ । पहाडमा घट्दो जनसंख्या, मधेस तथा राजमार्ग क्षेत्रमा बढ्दो बसाइँसराइ र ठूला शहरमा बढ्दो चापलाई फरक-फरक ढंगले सम्बोधन गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

प्रशासनिक सीमाभन्दा वास्तविक बसोबास, आवागमन र सेवाको मागअनुसार विकास योजना बनाउने तथा गाउँ, शहर र विदेशसँग जोडिएको नयाँ नेपाली जीवनशैली अनुसार शिक्षा, स्वास्थ्य, आवास, यातायात र सामाजिक सुरक्षा नीति बनाउनुपर्ने प्रस्ताव छ ।

परिवार संरचना परिवर्तनसँगै बालबालिका, ज्येष्ठ नागरिक र हेरचाहको विषयलाई पनि राज्यको नीतिमा जोड्ने प्रस्ताव गरिएको छ । आयात र विप्रेषणमा निर्भर अर्थतन्त्रबाट उत्पादनमुखी अर्थतन्त्रतर्फ जाने प्रस्ताव गरिएको छ । कृषि, जलस्रोत, ऊर्जा, पर्यटन, उद्योग र डिजिटल प्रविधिलाई आर्थिक वृद्धिका प्रमुख आधार बनाउने तथा कृषिलाई आधुनिक प्रविधि, बजार र उद्यमसँग जोड्ने प्रस्ताव छ ।

विप्रेषणलाई कृषि तथा औद्योगिक लगानीमा रूपान्तरण गर्ने र उत्पादन तथा रोजगारी सिर्जना गर्ने निजी क्षेत्रलाई नीतिगत संरक्षण र सहजीकरण गर्ने प्रस्ताव गरिएको छ । जलवायु परिवर्तनलाई वातावरणीय मात्र नभई आर्थिक र राष्ट्रिय सुरक्षाको विषयका रूपमा हेर्नुपर्ने प्रस्ताव छ ।

विपद् जोखिमलाई विकास योजना, पूर्वाधार र बस्ती विकाससँग जोड्दै प्राकृतिक स्रोतको दिगो उपयोग गर्ने तथा आजको विकासले भावी पुस्ताको अधिकार नखोस्ने अन्तरपुस्तीय न्यायको अवधारणा अघि सारिएको छ । हरित ऊर्जा, जलस्रोत र वातावरण संरक्षणलाई आर्थिक अवसरसँग जोड्ने प्रस्ताव गरिएको छ ।

कृत्रिम बुद्धिमत्ता र डिजिटल प्रविधिले रोजगारी, शिक्षा, ज्ञान र प्रतिस्पर्धाको स्वरूप परिवर्तन गरिरहेको उल्लेख गर्दै नेपालले प्रविधिको प्रयोग मात्र नभई त्यसबाट सिर्जना हुने नयाँ अवसरका लागि तयारी गर्नुपर्ने प्रस्ताव छ । शिक्षा र सीप प्रणालीलाई नयाँ प्रविधिअनुकूल बनाउने तथा डिजिटल युगमा फैलिने गलत सूचना र घृणाविरुद्ध मिडिया साक्षरता र तथ्यमा आधारित संवाद प्रवर्द्धन गर्ने प्रस्ताव गरिएको छ ।

जातीय विभेद, बालविवाह, लैङ्गिक हिंसा, कुपोषण, शिक्षा, स्वास्थ्य र वातावरणका मुद्दामा कांग्रेसलाई निरन्तर सामाजिक अभियानसँग जोड्ने प्रस्ताव छ । सार्वजनिक शिक्षा र स्वास्थ्यलाई नागरिकबीच समान अवसरको आधार बनाउँदै ज्येष्ठ नागरिक, बालबालिका, महिला र कमजोर समुदायको सामाजिक सुरक्षा बलियो बनाउने तथा मानसिक स्वास्थ्य, एक्लोपन र बदलिँदो परिवार संरचनालाई राज्यको दीर्घकालीन नीतिमा समेट्ने प्रस्ताव गरिएको छ । संघीयताको संरचना बने पनि कार्यक्षमता अझै कमजोर रहेको स्वीकार गर्दै संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको उल्लेख छ ।

प्रशासनिक क्षमता र वित्तीय संघीयता सुधार गर्दै संघीयतालाई प्रशासनिक तह विभाजनमा मात्र सीमित नगरी स्थानीय सम्मान, नागरिक सहभागिता र सेवामा पहुँचसँग जोड्ने प्रस्ताव गरिएको छ । संविधान संशोधनको बहसलाई तत्कालीन सत्ता समीकरणभन्दा राष्ट्रिय सहमतिमा आधारित बनाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ । शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्नुपर्ने तथा द्वन्द्वपीडितलाई सत्य, न्याय र परिपूरण सुनिश्चित गर्नुपर्ने प्रस्ताव छ । संक्रमणकालीन न्यायलाई राजनीतिक भागबन्डा वा सत्ता समीकरणको साधन नबनाई पीडितको विश्वास र संस्थाको विश्वसनीयतालाई केन्द्रमा राख्नुपर्ने भनिएको छ । राष्ट्रिय स्वाधीनतालाई औपचारिक सार्वभौमिकतामा मात्र सीमित नराखी ऊर्जा, खाद्य, वित्त, प्रविधि र ज्ञानमा राष्ट्रिय क्षमता बढाउनुपर्ने प्रस्ताव छ ।

बदलिँदो भूराजनीतिक प्रतिस्पर्धामा नेपालको स्वतन्त्र निर्णय क्षमता कायम राख्दै कूटनीतिक विकल्प विस्तार गर्ने र राष्ट्रिय हितमा आधारित विदेश नीति अघि बढाउने प्रस्ताव गरिएको छ । आन्तरिक आर्थिक क्षमता र बाह्य सम्बन्धलाई एकअर्कासँग जोडेर हेर्नुपर्नेमा जोड दिइएको छ । बीपी कोइरालाको राष्ट्रिय मेलमिलापलाई केवल राजनीतिक सम्झौताको रूपमा नभई सामाजिक-सांस्कृतिक एकताको आधारका रूपमा विकास गर्ने प्रस्ताव गरिएको छ ।

हिमाल, पहाड, मधेस, प्रवास, विभिन्न धर्म, संस्कृति र समुदायबीच साझा नेपाली पहिचान बलियो बनाउने तथा विविधताबीच सहअस्तित्व, संवाद र लोकतान्त्रिक संस्कृतिलाई प्राथमिकता दिने प्रस्ताव छ । कांग्रेसलाई चुनावका बेला मात्र सक्रिय हुने पार्टी नभई नागरिकसँग निरन्तर जोडिएको संगठन बनाउने प्रस्ताव गरिएको छ । सदस्यता, सहभागिता र आन्तरिक लोकतन्त्रलाई पारदर्शी बनाउँदै पुरानो पुस्ताको अनुभव र नयाँ पुस्ताको ऊर्जा तथा ज्ञानलाई जोड्ने र पाँच पुस्ताबीच नेतृत्व हस्तान्तरणको संस्थागत बाटो खोल्ने प्रस्ताव छ ।

कार्यकर्ता तथा युवा नेतृत्व विकासका लागि 'लिडरसिप ट्रेनिङ इन्स्टिच्युट', नीति अनुसन्धानका लागि 'नीति प्रतिष्ठान', निर्वाचन तयारीका लागि 'निर्वाचन ब्युरो' र जनप्रतिनिधिलाई नीति, बजेट तथा सुशासनमा सहयोग गर्न 'गभर्नेन्स इन्स्टिच्युट' स्थापना गर्ने प्रस्ताव गरिएको छ । पार्टी पदाधिकारी तथा जनप्रतिनिधिका लागि उच्च नैतिक मापदण्ड लागू गर्ने र वित्तीय पारदर्शिता तथा सार्वजनिक लेखापरीक्षण अनिवार्य गर्ने प्रस्ताव छ । भ्रष्टाचारमा आफ्नै पक्षका व्यक्ति भए पनि संरक्षण नगर्ने, भ्रष्टाचारको अभियोग लागेका व्यक्तिमाथि स्पष्ट निलम्बन प्रक्रिया लागू गर्ने तथा पार्टीभित्र आचरण र भ्रष्टाचारसम्बन्धी छानबिन गर्न स्वतन्त्र आन्तरिक 'ओम्बुड्सम्यान' गठन गर्ने प्रस्ताव गरिएको छ ।

कांग्रेसले अब न्यायपालिका, संवैधानिक निकाय, विश्वविद्यालय र प्रशासनमा दलीय भागबन्डा नगर्ने प्रस्ताव गरिएको छ । सार्वजनिक सम्पत्ति र अधिकारलाई दल, गुट वा व्यक्तिको लाभमा प्रयोग नगर्ने, पैसा, पहुँच र नेतासँगको निकटताका आधारमा अवसर नदिने, भ्रष्टाचारमा आफ्ना मान्छेलाई फरक व्यवहार नगर्ने तथा अधिवेशन टार्न वा उम्मेदवारी प्रभावित पार्न अन्तिम समयमा नियम नबदल्ने सार्वजनिक प्रतिबद्धता गर्ने प्रस्ताव छ । कुनै व्यक्ति प्रधानमन्त्रीमा दुई कार्यकालभन्दा बढी रहन नपाउने संवैधानिक व्यवस्थाका लागि पहल गर्ने प्रस्ताव गरिएको छ । सत्ता र नेतृत्वमा दीर्घकालीन व्यक्तिगत पकड रोक्न प्रधानमन्त्रीको कार्यकाल सीमा निर्धारण गर्ने प्रस्ताव प्रतिवेदनमा छ । उम्मेदवार छनोटमा प्राइमरी प्रणालीको प्रयोग, 'कुनै पनि उम्मेदवार स्वीकार छैन' भन्ने विकल्पको सम्भावना तथा विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिने कानुनी तथा संवैधानिक पहल गर्ने प्रस्ताव गरिएको छ।

घुम्ती आरक्षित निर्वाचन क्षेत्रलगायत निर्वाचन प्रणाली सुधारका विकल्पमा बहस गर्दै निर्वाचनलाई अझ सहभागी, पारदर्शी र प्रतिनिधिमूलक बनाउने प्रस्ताव छ । शहीद परिवार, घाइते तथा विस्थापित कार्यकर्ताको शिक्षा र स्वास्थ्य सहयोगका लागि १० करोड रुपैयाँको अक्षय कोष स्थापना गर्ने प्रस्ताव गरिएको छ ।

पार्टीका राजनीतिक आन्दोलनमा योगदान गर्ने परिवारको दीर्घकालीन संरक्षणको व्यवस्था गर्ने प्रस्ताव पनि प्रतिवेदनमा समेटिएको छ । जेनजी पुस्ताको असन्तोष र मागको अध्ययन गर्न स्वतन्त्र युवा विज्ञ सम्मिलित विशेष कार्यदल गठन गर्ने प्रस्ताव गरिएको छ । कार्यदलका सिफारिसलाई पार्टीको नीति निर्माणमा अनिवार्य रूपमा लागू गर्ने, युवा सहभागिता र नेतृत्व विकासलाई पार्टी नवीकरणको केन्द्रमा राख्ने तथा डिजिटल माध्यमबाट नीति निर्माण र पार्टी निर्णयमा युवाको सहभागिता बढाउने प्रस्ताव छ । प्रतिवेदनमा 'समुन्नति'को अवधारणा कार्यान्वयनका लागि समयसीमा पनि प्रस्ताव गरिएको छ । पहिलो १०० दिनमा २०६२/६३ देखि २०८२ सम्मको राजनीतिक तथा संगठनात्मक समीक्षा गर्ने, सातै प्रदेशमा समीक्षा प्रक्रिया सुरु गर्ने, पहिलो 'समुन्नति नीति-पत्र' सार्वजनिक गर्ने र सामुदायिक योगदानको अभिलेख तयार गर्ने प्रस्ताव गरिएको छ ।

पहिलो वर्ष शिक्षा, पोषण, रोजगारी, सुशासन र हरित विकासका प्रदेशस्तरीय कार्यदल गठन गर्ने, नागरिक संवाद र सार्वजनिक सेवा अनुगमन सुरु गर्ने तथा नीति तथा कार्यक्रमलाई प्रदेशस्तरमा कार्यान्वयनमा लैजाने प्रस्ताव छ । निर्वाचनअघि उम्मेदवार छनोटका स्पष्ट मापदण्ड सार्वजनिक गर्ने, सामुदायिक काम, नैतिक आचरण र कार्यसम्पादनलाई उम्मेदवारीको आधार बनाउने तथा प्राइमरी निर्वाचनको प्रक्रिया अघि बढाउने प्रस्ताव गरिएको छ । त्यस्तै, प्रत्येक तीन महिनामा आन्तरिक समीक्षा गर्ने, प्रत्येक वर्ष सार्वजनिक 'समुन्नति प्रतिवेदन' प्रकाशित गर्ने र चार वर्षको नेतृत्वको मूल्याङ्कन नीति तथा प्रतिबद्धताको कार्यान्वयनका आधारमा गर्ने प्रस्ताव छ ।

थापाले तयार पारेको राजनीतिक प्रतिवेदनले कांग्रेसको पुनर्जागरणलाई नेतृत्व परिवर्तन वा संगठनात्मक हेरफेरमा सीमित नगरी राजनीतिक संस्कार, आर्थिक नीति, निजी क्षेत्र, रोजगारी, सामाजिक सुरक्षा, संघीयता, सुशासन, युवा सहभागिता, प्रविधि, जलवायु र राष्ट्रिय स्वाधीनतासम्म जोडेको छ ।

प्रतिवेदनको मूल अवधारणा 'राष्ट्रिय पुनर्जागरण र समुन्नति' रहेको छ । विगतका कमजोरी स्वीकार गर्ने, नागरिकसँगको दूरी घटाउने, लोकतान्त्रिक संस्थालाई बलियो बनाउने, निजी क्षेत्रसँग सहकार्य गर्दै उत्पादन र रोजगारी बढाउने तथा पार्टीका नीति र प्रतिबद्धतालाई मापनयोग्य परिणाममा बदल्ने लक्ष्य प्रतिवेदनमा राखिएको छ ।

चार वर्षको नेतृत्व अवधिमा नीति, संगठन र कार्यक्रमको नियमित समीक्षा गर्दै परिणामका आधारमा नेतृत्वको मूल्यांकन गर्ने प्रणाली विकास गर्ने प्रस्तावसहित थापाले कांग्रेसलाई निर्वाचन केन्द्रित संगठनबाट निरन्तर नागरिकसँग जोडिने राजनीतिक संस्थाका रूपमा पुनर्संरचना गर्ने कार्यदिशा अघि सारेका छन् ।

**बैंकले...**

राष्ट्रिय नागरिक समाजका अध्यक्ष दीपक पौडेलले बैंक स्वयंले आफ्नो मूल्याङकनमा ८१ लाख ९१ हजार रुपैयाँ कायम गरेको र ५८ लाख रुपैयाँ कर्जा असुल गर्नुपर्ने अवस्थामा ५३ लाख रुपैयांमा लिलाम गर्नुले लिलाम प्रकृयामा मिलेमतोको आशंका रहेको बताए ।

'बैंकको मूल्याङ्कन र लिलामी मूल्यबिचको अन्तरले लिलामी प्रक्रिया र त्यसमा संलग्न कर्मचारीको भूमिकामाथि प्रश्न उठेको छ,' पौडेलले भने-'अब बैंकलाई कुनै दोषारोपण गर्दैनौं, लिलाम सकार्ने लामिछानेले आफ्नो लगानी फिर्ता लिएर घर पुरानै घरधनीलाई फिर्ता दिनुपर्छ,यही नै सामाजिक न्याय हो ।'

बैंकका शाखा प्रमुख सारुले लिलामी सूचना निकालेर ऋणीलाई पटक-पटक जानकारी गराउँदा पनि बेवास्ता गर्दा लिलाम हुन पुगेको बताए । लिलाममार्फत् घर सकारेका लामिछानेले आफूले गरेको लगानी र त्यस यताको बैंक ब्याज पाए घर फिर्ता गर्न तयार रहेको बताए ।

## ग्रीन फरेष्ट रिसोर्टको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८३/०६/२०

लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, सन्धिखर्क नगरपालिकामा ग्रीन फरेष्ट रिसोर्ट प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिए छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नामः ग्रीन फरेष्ट रिसोर्ट प्रा.लि. ठेगानाः सन्धिखर्क नगरपालिका-७, अर्घाखाँची जिल्ला, लुम्बिनी प्रदेश, इमेलः info@lumbinigreenresort.com फोन नं.: ९८५७०५६०६४ |
| **प्रस्तावको व्यहोरा** | अर्घाखाँची जिल्ला, सन्धिखर्क नगरपालिका-७ मा ग्रीन फरेष्ट रिसोर्ट प्रा.लि. द्वारा गुणस्तरीय, वातावरणमैत्री तथा दिगो पर्यटनको अवधारणाअनुरूप चारतारे स्तरको रिसोर्ट निर्माण तथा सञ्चालन गर्ने प्रस्ताव गरिएको छ । प्रस्तावित रिसोर्टका लागि कुल ९,५५१.२४ वर्ग मिटर क्षेत्रफलको जग्गा उपयोग गरिनेछ। रिसोर्टमा कुल ६१ वटा कोठा तथा ९९ शैया रहने गरी आवश्यक आवासीय, खानपान, मनोरञ्जन तथा अन्य आतिथ्यसम्बन्धी सुविधाहरूको व्यवस्था गरिनेछ । |
| **प्रभाव पर्न सक्ने जिल्ला/नगरपालिका** | अर्घाखाँची जिल्ला, सन्धिखर्क नगरपालिका-७ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली तथा आर्थिक प्रणालीमा बिच के कस्तो प्रभाव पर्दछ भनिएकिन गर्न सन्धिखर्क नगरपालिका- वडा नं.-७ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय-सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**राय-सुझावका लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | नामः ग्रीन फरेष्ट रिसोर्ट प्रा.लि. ठेगानाःसन्धिखर्क नगरपालिका-७, अर्घाखाँची, लुम्बिनी प्रदेश इमेलः info@lumbinigreenresort.com फोन नं.: ९८५७०५६०६४ |
| **परामर्शदाताको नाम र ठेगाना** | नामःटाइम्स सोलुसन प्रा.लि. ठेगानाः तिलोत्तमा-२, रुपन्देही, लुम्बिनी प्रदेश इमेलः runway.3337@gmail.com सम्पर्क नं.: ९८६७१८९०५१ |

## लुम्बिनी प्रदेश सरकार
## शहरी विकास, उर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय
## जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यलय, गुल्मी
## सूचना

(मितिः २०८३/६/२०)

यस कार्यालयबाट मिति २०८३/०६/१२ मा बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाअनुसार ESTIMATED AMOUNT को COLUMN मा Without VAT but Including PS हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको बेहोरा जानकारी गराउनुका साथै सिलबन्दी दरभाउपत्रको दर्ता गर्ने मिति २०८३/६/२२ दिनको १२ बजे तथा खोल्ने मिति २०८३/६/२२ दिनको १ बजे हुने बेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

## लुम्बिनी प्रदेश, पाल्पा जिल्ला, रिब्दीकोट गाउँपालिका वडा नं. २ मा निजी जग्गा सम्माउने र खेतियोग्य बनाउने प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८३/०६/२०)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः वि.के. कन्स्ट्रक्सन<br>ठेगानाः बागलुङ नगरपालिका-०४, बागलुङ जिल्ला, गण्डकी प्रदेश<br>फोन नं.: ९८४३९९११६८ |
| प्रस्तावको व्यहोरा | - कार्यन्वयन हुने स्थानः रिब्दीकोट गाउँपालिका-२, लगुवा क्षेत्र<br>- जग्गाको विवरणःरब्दीकोट गाउँपालिका वडा नं. ०२ कि.नं. १६ (४-९-३-०), कि.नं. ७(४-३-०-२) र कि.नं.८(१-१-३-०) निजी जग्गा<br>- प्रस्तावबारे सामान्य जानकारीः रिब्दीकोट गाउँपालिका वडा नं. ०२ मा पर्ने द्वारिका प्रसाद नेपाल र अमृत राज नेपालको स्वामित्वमा रहेको निजी जग्गामा ग्रहासुधार कार्यका निम्ति प्रारम्भिक वातावरणीय अध्ययन कार्य<br>- लगानीको किसिमः निजी |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा. | पाल्पा जिल्ला, रिब्दीकोट गाउँपालिका वडा नं. २ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक/भौतिक पक्ष, जैविक पक्ष, रासायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्न सक्ने प्रभाव यकिन गर्न रिब्दीकोट गाउँपालिका-०२ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिनका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सूचना टाँस भएको निकाय वा रिब्दीकोट गाउँपालिका वा म्नि ठेगानामा आई पुग्ने गरी लिखित राय-सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

**राय-सुझावका लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | नामः वि.के. कन्स्ट्रक्सन<br>ठेगानाः बागलुङ नगरपालिका-०४, बागलुङ जिल्ला, गण्डकी प्रदेश<br>फोन नं.: ९८४३९९११६८ |
| परामर्शदाताको नाम र ठेगानाः | टाइम्स सोलुसन प्रा.लि., तिलोत्तमा-०२, रुपन्देही<br>इमेलःtimes.solution81@gmail.com<br>सम्पर्क नं.: ९८६७१८९०५१ |

## लुम्बिनी प्रदेश सरकार
## शहरी विकास, उर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय
## जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यलय, गुल्मी
## शिलबन्दी दरभाउपत्रको दर्ता गर्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८३/६/१९**

यस कार्यालय बाट मिति २०८३/०६/१२ मा बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार ESTIMATED AMOUNT को COLUMN मा Without VAT but Including PS हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको बेहोरा जानकारी गराउनुका साथै शिलबन्दी दरभाउपत्रको दर्ता गर्ने मिति २०८३/६/२२ दिनको १२ बजे तथा खोल्ने मिति २०८३/६/२२ दिनको १ बजे हुने बेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

## First Choice Foods Limited
**Suddhodhan Rural Municipality-4, Rupandehi**

## NOTICE OF INVITATION FOR BIDS (HARD COPY)

**First Date of Publication: 20th Ashoj, 2083**

यस फर्स्ट च्वाइस फुड्स लिमिटेड, रुपन्देही र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, रुपन्देहीको लागत साझेदारीमा कस्टम हायरिङ्ग सेन्टर स्थापना गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस फर्स्ट च्वाइस फुड्स लिमिटेड, सुद्धोधन गाउँपालिका-०४, रुपन्देही मा नियमपूर्वकको कागजात सहित बोलपत्र फारम खरिद गरि यस संस्थामा बोलपत्र पेश गर्न आव्हान गरीएको छ। विस्तृत जानकारीको लागि सम्बन्धित संस्थामा सम्पर्क राख्न समेत जानकारी गरिन्छ ।

| Contract No. | Name of Project | Bid Document Cost | Bid Validity Period | Bid Security Amount/ Validity period | Remarks |
|---|---|---|---|---|---|
| FCFL/NCB/GOODS /01/2083-084 | Supply/Delivery of Tractor and other farm implements/attachments for the establishment of Custom Hiring Center at First Choice Foods Limited, Suddhodhan-4, Rupandehi | 3,000.00 | 90 days | 2,40,000.00/120 days | NCB, Single Stage Two Envelope (1S2E) |
| Last Date and Time of Bid Purchasing: | | 9th Kartik, 2083 till 5:00 PM (office hour) | | | |
| Last Date and Time of Bid Submission: | | 10th Kartik, 2083 till 12:00 PM | | | |
| Last Date and Time of Bid Opening: | | 10th Kartik 2083 at 1:00 PM | | | |
| Bank Account Details for Bid Document Purchase/Bid Security Deposit: | | Name of the Bank: Citizen Bank international Limited | | | |
| | | Name of Account: FIRST CHOICE FOODS LIMITED | | | |
| | | Account Number: 1540100000445201 | | | |

- A complete set of Bidding Document may be purchased from the office First Choice Foods Limited by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, PAN/VAT registration, Tax clearance certificate and upon a payment of a non-refundable fee of NRs. 3,000/- till 2083-07-09 during office hours in the account as specified above.
- Eligible bidders may obtain further information from First Choice Foods Ltd. and Email: info@fcffoods.com, Contact Number: *9802847504 (Rajendra B.K.)*
- Sealed (Hard Copy) Bids must be submitted to the office of (First Choice Foods Limited, Rupandehi) by hand/courier before (12:00 PM) on 10th Kartik 2083. Bids submitted after this deadline will be rejected.
- The office reserves right to accept or reject any or all bids without assigning reasons whatsoever.

## क्राउन रिजर्व डिस्टिलरी लिमिटेड
## शुद्धोधन -३, रुपन्देही
## मूल्य सूची

मितिः२०८३/०६/२०

यस उद्योगबाट उत्पादित निम्न लिखित ब्राण्डहरूको मदिरा आ.व. २०८३ / २०८४ को लागि अर्को सूचना प्रकाशित नहुँदासम्मको लागि मिति २०८३/०६/२० गतेदेखि लागु हुने गरि निम्न लिखित मूल्यमा बिक्री / वितरण गर्नु / गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Brands | UP | ML | Dealer Price | Dealer Commission | Wholesale Price | Wholesale Commission | Retail Price | Retail Commission | Consumer | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | Per Case | Per Bottle |
| 1 | Rainbow Gold | 70 | 300 | 1700 | 90 | 1790 | 75 | 1865 | 535 | 2400 | 80 |

**नोट : उपरोक्त मूल्यमा मु.अ. कर तथा ढुवानी भाडा समेत समावेस गरिएको छ। साथै उपरोक्त मूल्यमा आवश्यकता अनुसार व्यापारिक छुट दिन सकिनेछ।**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

रु.जि.हु.द.नं.१३/०६३/०६४ २०८३ असोज २०, गते मंगलबार Tuesday October 06, 2026 न.प.जि.प्र.का.द.नं.४/०४५/०४६ दैनिक लुम्बिनी

# 'वडाको समृद्धि, सुपा देउराली केबलकार र स्थानीय विकास मुख्य प्राथमिकता'

*धार्मिक तथा पर्यटकीय सम्भावनाले भरिपूर्ण सन्धिखर्क नगरपालिका-७ पछिल्लो समय पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन र औद्योगिक गतिविधिका कारण चर्चामा छ। प्रसिद्ध सुपा देउराली मन्दिर, ऐतिहासिक खाँचीकोट दरबार, प्रस्तावित सुपा देउराली केबलकार तथा चुनढुङ्गा खानीलाई वडाको आर्थिक विकाससँग जोड्ने प्रयास भइरहेको वडा अध्यक्ष चुराबहादुर केसी बताउँछन्।*

*स्थानीय तहको नेतृत्व सम्हालेपछि भएका विकास निर्माण, पर्यटन पूर्वाधार, औद्योगिकीकरण, स्थानीय सरकारका चुनौती तथा आगामी योजनाबारे नेकपा एमालेबाट निर्वाचित वडा अध्यक्ष चुराबहादुर केसीसँग दैनिक लुम्बिनीले गरेको कुराकानीको सम्पादित अंश :*



चुराबहादुर केसी
वडा अध्यक्ष

» ***चुनावका क्रममा जनतासामु गरिएका प्रतिबद्धताहरू कत्तिको पूरा भए ? यो अवधिमा वडामा कस्तो परिवर्तन आएको छ ?***

निर्वाचित भएर आउँदा हामीले जनतासामु गरेका अधिकांश प्रतिबद्धता पूरा गरेका छौँ। प्रतिबद्धता गरेभन्दा पनि उल्लेखनीय रूपमा थप काम गर्न सफल भएका छौँ। चुनावका बेला गरेका वाचा कार्यान्वयन भएका छन् र त्यसको प्रत्यक्ष अनुभूति वडावासीले गर्नुभएको छ। चार वर्षअघिको वडा नम्बर ७ को अवस्था र अहिलेको अवस्थालाई स्थलगत रूपमा हेरेर तथा जनतासँग बुझेर तुलना गर्ने हो भने परिवर्तन आफैं स्पष्ट हुन्छ।

» ***समाजमा '३५ वर्षमा केही भएन' भन्ने खालको निराशाजनक भाष्य पनि सुनिन्छ। जनप्रतिनिधिका रूपमा यसलाई कसरी हेर्नुहुन्छ ?***

काम गर्ने मान्छेले जस र अपजस दुवै व्यहोर्नुपर्छ। विगत ३५ वर्षको राजनीतिक अवस्थालाई हेर्दा निरन्तर राजनीतिक उतारचढाव र सरकार परिवर्तन भइरहे। कुनै पनि सरकारले स्थायी रूपमा पाँच वर्ष ढुक्कसँग काम गर्ने वातावरण नपाउँदा विकासको गतिमा असर परेको हो। त्यसैले ३५ वर्षको अवधिलाई एकमुष्ट रूपमा नकारात्मक ढङ्गले हेर्नुभन्दा देश कुन परिस्थितिबाट गुज्रिरहेको थियो र आज कुन अवस्थामा आइपुगेको छ भन्ने विषयलाई समग्रतामा हेर्नु आवश्यक हुन्छ।

» ***वडा नम्बर ७ धार्मिक तथा पर्यटकीय हिसाबले निकै समृद्ध छ। सुपा देउराली र खाँचीकोट दरबारलाई स्थानीय समृद्धिसँग कसरी जोड्नुभएको छ ?***

प्रसिद्ध सुपा देउराली मन्दिर नेपाल भ्रमण वर्ष २०२० का प्रमुख गन्तव्यहरूमध्ये परेको थियो। मन्दिरमा दैनिक ठूलो संख्यामा श्रद्धालु तथा पर्यटक आउने भएकाले होटल, फूल-प्रसादलगायतका व्यवसाय विस्तार भएका छन्। यसबाट स्थानीय आर्थिक गतिविधि पनि बढेको छ।

सुपा देउराली मन्दिरको सहयोग तथा तीनै तहका सरकारको पहलमा ऐतिहासिक खाँचीकोट दरबार, विभिन्न मन्दिर तथा खाँचीकोट हिल स्टेसनको निर्माण, संरक्षण र प्रवर्द्धनका काम अघि बढिरहेका छन्। यी गतिविधिले सिङ्गो जिल्लाको पहिचानसँगै स्थानीय अर्थतन्त्रलाई समेत चलायमान बनाउन योगदान पुऱ्याएका छन्।

» ***नयाँ प्रस्ताव गरिएको 'सुपा देउराली केबलकार' आयोजनाबारे केही जानकारी गराइदिनुहोस् न ?***

सुपा देउराली आउने भक्तजन तथा पर्यटकका लागि थप गन्तव्य निर्माण गर्ने उद्देश्यले केबलकारको योजना अघि सारिएको हो। यससम्बन्धी प्रक्रिया नेपाल सरकारको मन्त्रिपरिषद्बाट निर्णय भई अगाडि बढेको छ। प्रस्तावअनुसार खाँची खोला क्षेत्रको बटम स्टेसनदेखि मसिने लेक-भुर्से पहाडको टप स्टेसनसम्म करिब १ हजार ८ सय मिटर लम्बाइको केबलकार सञ्चालन गर्ने योजना छ। यसमा १५ वटा डब्बा (गोन्डोला) रहने प्रस्ताव गरिएको छ। टप स्टेसनबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण र गणेश हिमालका साथै तराईका फाँटहरू समेत अवलोकन गर्न सकिने भएकाले यो आयोजना सञ्चालनमा आएमा क्षेत्रको पर्यटन विकासमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ।

» ***सुपा देउराली मन्दिर अगाडिको सडक र पूर्वाधार सुधारको अवस्था कस्तो छ ?***

आर्थिक वर्ष २०८२/८३ को बजेटअन्तर्गत सुपा देउराली पार्किङ तथा मन्दिर अगाडिको सडक स्तरोन्नतिका लागि ३ करोड रुपैयाँ विनियोजन भएको छ। चनौटा सडक कार्यालयमार्फत ठेक्का प्रक्रिया पनि अघि बढिसकेको छ।

निर्माण व्यवसायीले पेस्की लिएर करिब ५-१० प्रतिशत काम सुरु गरेका थिए। तर महँगी तथा जिल्ला विपद् व्यवस्थापन समितिले ढुङ्गा-गिट्टीको व्यवस्थापनमा लगाएको रोकका कारण केही समय काम प्रभावित भयो। निर्माण व्यवसायीले असोजको पहिलो सातादेखि पुनः काम सुरु गर्ने प्रतिबद्धता जनाएका छन्। त्यसपछि सडकको जीर्ण अवस्थाबाट उत्पन्न समस्या समाधान हुने अपेक्षा गरेका छौँ।

» ***वडामा रहेको चुनढुंगा खानी सञ्चालन र यसको उपयोगबारे तपाईंको धारणा के छ ?***

प्राकृतिक स्रोत-साधनको सही र व्यवस्थित परिचालन नगरी समृद्धि हासिल गर्न कठिन हुन्छ। २०६९ सालदेखि सञ्चालनमा रहेको चुनढुङ्गा खानीले स्थानीय युवालाई रोजगारी दिएको छ भने नगरपालिकालाई वार्षिक करिब ६० देखि ७० लाख रुपैयाँसम्म राजस्व प्राप्त भइरहेको छ।

सरकारी मापदण्ड तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) लगायतका कानुनी प्रक्रिया पालना गरेर उद्योग सञ्चालन हुने हो भने प्राकृतिक स्रोतको उपयोगबाट स्थानीय अर्थतन्त्रलाई फाइदा पुग्न सक्छ। हाम्रो वडा एकातिर पर्यटन उद्योग र अर्कातिर चुनढुङ्गा खानीजस्ता औद्योगिक गतिविधिलाई समायोजन गर्दै अघि बढ्ने प्रयासमा छ।

» ***जनप्रतिनिधिका रूपमा काम गर्दा कस्ता नीतिगत तथा कानुनी जटिलता भोग्नुपरेको छ ?***

मुख्य समस्या तीन तहका सरकार–स्थानीय, प्रदेश र सङ्घबिचका ऐन तथा कानुनमा देखिने अस्पष्टता र कतिपय अवस्थामा हुने बाझिनु हो। यसले नीतिगत निर्णय लिन तथा कामको स्वामित्व लिन जनप्रतिनिधिलाई केही हदसम्म अलमलमा पार्ने गरेको छ।

अर्कोतर्फ, जनताले खानेपानी, स्वास्थ्य, बीउबिजनजस्ता आधारभूत सेवाका लागि स्थानीय सरकारलाई नै सम्झनुहुन्छ। तर स्थानीय सरकारसँग त्यसअनुसार पर्याप्त बजेट र स्रोत-साधन छैन। विकास र सुशासनलाई प्रभावकारी बनाउन स्थानीय सरकारलाई कानुनी रूपमा स्पष्ट अधिकार तथा पर्याप्त बजेटसहित थप मजबुत बनाउन आवश्यक छ।

» ***आगामी चुनावमा पुनः दोहोरिने वा माथिल्लो तहको नेतृत्व लिनेबारे तपाईंको सोंच के छ ?***

राजनीति र समाजसेवा भनेको जनताको सेवा गर्ने माध्यम हो। पार्टी र दलले मूल्याङ्कन गरेर युवाहरूलाई जहाँ उपयुक्त ठान्छ, त्यही जिम्मेवारी स्वीकार गर्ने हो।

पद प्राप्तिका लागि आन्तरिक द्वन्द्व गर्ने वा मरिहत्ते गर्ने मेरो चाहना छैन। तर पार्टीले जिम्मेवारी दिएको अवस्थामा जुनसुकै तहको सरकारको नेतृत्व गर्न सक्ने आँट र क्षमता ममा छ भन्ने विश्वास छ।

» ***अन्त्यमा, वडावासी तथा समग्र पालिकावासीलाई के सन्देश दिन चाहनुहुन्छ ?***

विकास र समृद्धि एकाएक हासिल हुने कुरा होइन। यसका लागि दीर्घकालीन सोंच, निरन्तर प्रयास र जनताको सहकार्य आवश्यक हुन्छ।

जनताले व्यक्तिगत लाभका विषयमा मात्र नभई सामाजिक लाभ र समग्र सामाजिक विकासका विषयमा माग राख्न जरुरी छ। जनप्रतिनिधि भनेको जनताको ऐना हो। वडावासीले अहिलेसम्म दिनुभएको साथ, सहयोग र विश्वासप्रति म आभारी छु।

अब बाँकी रहेको कार्यकालमा पनि जनताका अपेक्षाअनुसार अधुरा काम पूरा गर्न प्रतिबद्ध रहनेछौँ। वडाको विकास र समृद्धिका लागि सबैको साथ र सहकार्य आवश्यक छ।

# सिद्धार्थ सडक खाना महोत्सव हुँदै




भैरहवा। रुपन्देहीको भैरहवामा 'सिद्धार्थ सडक खाना महोत्सव २०८३ आयोजना हुने भएको छ। चेम्बर अफ कमर्स, रुपन्देहीको आयोजनामा विश्व पर्यटन दिवस तथा बडादशैं र तिहारको अवसर पारेर आगामी असोज २४ र २५ गते महोत्सव आयोजना गर्न लागिएको संस्थाले पत्रकार सम्मेलन मार्फत जानकारी गराएका हो।

सिद्धार्थनगर भैरहवा बसपार्कदेखि देवकोटा चोकसम्म सञ्चालन हुने उक्त महोत्सव दुवै दिन साँझ ५ बजेदेखि राती १२ बजेसम्म सञ्चालन हुनेछ। भारतसँग जोडिएको प्रमुख नाका बेलहिया, गौतमबुद्धको जन्मस्थल लुम्बिनी तथा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको सामीप्यका कारण यस क्षेत्रमा रहेको पर्यटन सम्भावनालाई स्थानीय आर्थिक गतिविधिसँग जोड्ने उद्देश्यले महोत्सव आयोजना गरिएको अध्यक्ष सचिन रोक्काले जनाए। सिद्धार्थनगरमा पर्यटक बस्ने, खाने, घुम्ने र खर्च गर्ने गन्तव्यका रूपमा विकास गर्न यसले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको उनले जानकारी दिए।

महोत्सवमा १०० वटा स्टलहरू रहनेछन्, जसमा स्थानीय व्यवसायी, उद्योगी, तारे होटल तथा रेष्टुरेण्टहरूका साथै विभिन्न जातजातिका परम्परागत तथा मौलिक परिकारहरू प्रस्तुत गरिनेछ। दुई दिनसम्म चल्ने उक्त महोत्सवमा करिब ५० हजार दर्शकले अवलोकन गर्ने अनुमान गरिएको संयोजक विनोद खरेलले जानकारी दिए। कार्यक्रमको पहिलो दिनमा दुर्गेश थापाको मुख्य प्रस्तुति हुनेछ भने दोस्रो दिन प्रिति पासवानको प्रस्तुति रहने छ, यसका साथै इन्दु दनुवार, बसन्त एण्ड क्रुज व्याण्डको प्रस्तुति रहने र स्थानीय कलाकारको प्रस्तुति रहने छ। कार्यक्रमको उद्घाटन भौतिक पूर्वाधार मन्त्री सुनिल लम्सालले गर्ने आयोजकले जानकारी दिएका छन्।

कार्यक्रमको मुख्य प्रवर्द्धकमा नेपाल पर्यटन बोर्ड र प्रवर्द्धकमा वन, वातावरण तथा पर्यटन मन्त्रालय (लुम्बिनी प्रदेश) रहेका छन्। त्यस्तै संरक्षकका रूपमा सिद्धार्थनगर नगरपालिका तथा सह-आयोजकका रूपमा मायादेवी, रोहिणी र ओमसतिया गाउँपालिका रहेका छन्। कार्यक्रमको प्रमुख प्रायोजन ग्रान्डि इन्टरनेशनल हस्पिटल र ग्रान्डि डेभलपर्स प्रा.लि.ले गरेका छन् भने प्रायोजकका रूपमा ट्रष्ट माइक्रो इन्स्योरेन्स लि. रहेको छ।

स्थानीय उद्यमीहरूले आफ्नो सीप प्रदर्शन गर्ने यो महोत्सवले भैरहवालाई 'फुड टुरिजम' (खाद्य पर्यटन) को केन्द्रका रूपमा स्थापित गर्ने विश्वास आयोजकले लिएका छन्। स्थानीय निजी व्यवसायीहरूको समेत पूर्ण समर्थन रहेको यस कार्यक्रमले यस क्षेत्रको आर्थिक र पर्यटकीय गतिविधिमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।

महोत्सवले स्थानीय मौलिक खाना, संस्कृति र परम्पराको संरक्षण गर्दै बेलहिया नाकाबाट प्रवेश गर्ने भारतीय तथा अन्य विदेशी पर्यटकलाई आकर्षित गरी उनीहरूको बसाइ अवधि र खर्च बढाउन सहयोग पुऱ्याउने लक्ष्य राखेको छ। साथै, स्थानीय किसान, उत्पादक, महिला तथा युवा उद्यमीहरूलाई सोझै बजारसँग जोड्न र सिद्धार्थनगरमा सुरक्षित एवं स्वच्छ 'फूड एन्ड कल्चर' संस्कृति विकास गर्न महोत्सव फलदायी हुने अपेक्षा गरिएको छ।

कार्यक्रमलाई व्यवस्थित रूपमा सम्पन्न गर्न चेम्बर अफ कमर्स, रुपन्देहीले विनोद खरेलको संयोजकत्व र धीरज कुमार मल्लिकको सह-संयोजकत्वमा विभिन्न १४ उपसमितिहरू गठन गरी तयारी तीव्र पारेको छ।

# सीए भट्टराईले कांग्रेस केन्द्रीय सदस्यमा उम्मेदवारी दिने




बुटवल। चार्टर एकाउन्टेन्ट पदम भट्टराईले नेपाली कांग्रेसको १५औं महाधिवेशनमा केन्द्रीय सदस्यमा उम्मेदवारी दिने भएका छन्। उनले पेसागत विषय विशेषज्ञ क्लस्टरबाट उम्मेदवारी दिने घोषणा गरेका हुन्।

२०७८ सालमा नेपाल विद्यार्थी संघको केन्द्रीय सदस्यमा निर्वाचित भएका भट्टराई कांग्रेसको १४औं महाधिवेशनमा महासमिति सदस्य तथा महाधिवेशन प्रतिनिधि बनेका थिए। २०८० सालमा उनी नेपाल विद्यार्थी संघको केन्द्रीय सदस्यमा पुनः मनोनित भएका थिए। हाल उनी नेपाली कांग्रेसको लेखा समिति सदस्य छन्।

गुल्मीको मदाने ३ सिर्सेनि सिममा जन्मिएका पदमले वाग्लाको भगवती मावी बाट आधारभुत शिक्षा हासिल गर्नुका साथै उनले सदरमुकाम तम्घासको अर्जुन बोर्डिङ्गबाट एस . एल . सी उत्तीर्ण गरेका हुन्।

२०६४ सालमा राजधानी छिरेका पदमले यहाँबाट उच्च शिक्षा हासिलको सुरुवात गर्दै भारतबाट चार्टर एकाउटेन्ट उत्तीर्ण गरेका हुन्। उनले सी. ए नेपाल विद्यार्थी संघ नयाँ दिल्लीको संस्थापक अध्यक्ष भएर विद्यार्थी राजनीतिको सुरुवात गरेका हुन्।

उनी केन्द्रीय सदस्यमा निर्वाचित भएमा चार्टर एकाउन्टेन्ट बाट निर्वाचित पहिलो केन्द्रीय सदस्य हुनेछन। अहिलेसम्म कुनै पनि पार्टीमा यो विधाका ( सिए ) युवा निर्वाचित केन्द्रीय सदस्य भएका छैनन्।

# विजेता विद्यार्थीहरू सम्मानित



बुटवल। सुनवल-४, नवलपरासीस्थित सुनवल युनाईटेड अंग्रेजी आवासीय मा.वि ले जिल्लास्तरीय र प्रदेशस्तरीय विभिन्न प्रतियोगितामा विजेता विद्यार्थीहरुलाई एक कार्यक्रमबिच सम्मान गरेको छ।

विद्यालयका प्रिन्सिपल धनराज चापागाईंको सभापतित्वमा भएको सम्मान कार्यक्रममा सम्मानित हुने विद्यार्थीहरु, सम्बन्धित विद्यार्थीहरु अध्ययन गर्ने कक्षाका विद्यार्थीहरु, विद्यालयको इ.सि.ए टिमलगायत अन्य शिक्षकहरुको समेत उपस्थिति रहेको थियो।

मिति २०८३ असोज १ र २ गते गुल्मी जिल्लामा आयोजना भएको प्रदेशस्तरीय स्क्राबल प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने सफल विद्यार्थी बिनिता वर्मा र मिति २०८३/६/११ गते प्याब्सन नवलपरासीको आयोजनामा भएको जिल्लास्तरीय स्पेलिङ्ग बि मा प्रथम स्थान हासिल गर्ने विद्यार्थीहरु मान्भी न्यौपाने, मेरिसा ढकाल र एलेक्स पुन लाई प्रिन्सिपल धनराज चापागाईले टिका, खादा लगाएर सम्मान गर्दै विद्यार्थीहरुको अथक मिहिनेत प्रयास, सम्बधित टिमको निगरानि र मार्गदर्शनले गर्दा सफलता प्राप्त भएको बताए।

यस विद्यालयका विद्यार्थीहरुले पटक पटक थुप्रै अन्तराष्ट्रिय, राष्ट्रिय, प्रदेश, जिल्ला, नगरस्तरीय अतिरिक्त क्रियाकलापका प्रतियोगिताहरुमा सफलता प्राप्त गरेको बताइएको छ।




आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/
अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com